# छत्रदेव गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ३) छत्रदेव गाउँपालिका मितिः २०७६/०९/१० (संख्याः ९

**भाग–२**

**छत्रदेव गाउँपालिका, अर्घाखाँची**

**संवत् २०७६ सालको कार्यविधि नं. ९**

**कार्यविधिको नाम : गाउँपालिका भित्रका विद्यालयका शिक्षक तथा विद्यार्थीहरुको वार्षिक स्वास्थ्य परिक्षण कार्यविधि, २०७६**

**प्रस्तावना :**

विद्यालयमा अध्ययन गर्दै गरेका विद्यार्थीहरु जो भोलिको समाजका कर्णधार पनि हुन । उनिहरु जटिल स्वास्थ्य समस्या नपरी स्वास्थ्य जाँच गराउन पाउँदैनन । विरामी नहुँदा पनि आफ्नो स्वास्थ्य परीक्षण गराउँदा स्वास्थ्य समस्या भएमा समयमै निदान भई

जटिलता आउनबाट बच्न सकिन्छ भन्ने जानाकारीको कमी तथा सरकारी स्वास्थ्य संस्था खुला रहने र विद्यालयमा पढाई हुने समय एउटै हुनाले पनि विद्यार्थीहरुलाई स्वास्थ्य परीक्षण गराउन समस्या परेको देखिन्छ । स्वास्थ्य सेवा पाउने हरेक नेपालीको संविधान प्रदत्त अधिकारलाई सुरक्षित गर्नका लागि छत्रदेव गाउँपालिका भित्रका माध्यमिक विद्यालयका विद्यार्थीहरुको वार्षिक रुपमा स्वास्थ्य परिक्षण गर्ने सेवा प्रदान गर्नका लागि छत्रदेव गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"गाउँपालिका भित्रका विद्यालयका शिक्षक तथा विद्यार्थीहरूको वार्षिक स्वास्थ्य परिक्षण कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भए पछि तुरुन्त प्रारम्भ हुने छ ।

**२. परिभाषाः** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "**गाउँपालिका**" भन्नाले छत्रदेव गाउँपालिका सम्झनु पर्छ ।

(ख) "**गाउँ कार्यपालिका**" भन्नाले छत्रदेव गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(ग) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले छत्रदेव गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(घ) "**अध्यक्ष**" भन्नाले छत्रदेव गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) "**उपाध्यक्ष"** भन्नाले छत्रदेव गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(च) "**स्वास्थ्य संस्था"** भन्नाले छत्रदेव गाउँपालिका अन्तर्गतका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी सम्झनु पर्छ ।

(छ) "**स्वास्थ्यकर्मी**"भन्नाले छत्रदेव गाउँपालिका अन्तर्गतका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी सम्झनु पर्छ ।

(ज) **"विद्यालय"** भन्नाले छत्रदेव गाउँपालिका अन्तर्गतका माध्यमिक विद्यालयलाई सम्झनु पर्छ ।

(झ) **"स्वास्थ्य परीक्षण"** भन्नाले स्वास्थ्यकर्मीले गर्ने विद्यालयका शिक्षक तथा विद्यार्थीहरुको स्वास्थ्य परीक्षणलाई सम्झनु पर्छ । जस अन्तर्गत व्यक्तिगत सरसफाईको अवस्थाको अवलोकन गर्ने, उचाइ नाप्ने, तौल लिने, नाडीको गति, श्वासप्रश्वास दर, तापक्रम लिने, रक्तचापको जाँच, श्रवण तथा दृष्य शक्तिको जाँच, रगतमा ग्लुकोजको जाँच आदि पर्दछन ।

(ञ) "**स्थानीय स्वास्थ्यकर्मी"** भन्नाले विद्यालय रहेको वडामा अवस्थित स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

**३.** **उद्देश्यः** यस कार्यविधिका उद्देश्यहरु देहाय वमोजिम रहेका छन् ।

(क) वर्षमा एकपटक विद्यालयका शिक्षक तथा विद्यार्थीहरुको स्वास्थ्य परीक्षण गर्ने,

(ख) स्वास्थ्य परीक्षणको माध्यमबाट शिक्षक तथा विद्यार्थीहरुमा भएका स्वास्थ्य समस्याको समयमै निदान

तथा प्राथमिक उपचार गरी उपयुक्त परीक्षण तथा उपचारका लागि प्रेषण गर्ने,

(ग) स्वास्थ्य परीक्षण गर्ने कार्यमा संलग्न हुने स्वास्थ्यकर्मीको मनोवल वढाउने,

**४. कार्यक्रम सञ्चालनः**

(क) विद्यार्थीहरुको स्वास्थ्य परीक्षण वर्षमा एक पटक **विद्यालय स्वास्थ्य तथा पोषण सप्ताह (जेठ १ देखि ७ सम्म)** को अवसरमा प्रत्येक माध्यमिक विद्यालयमा स्थानीय स्वास्थ्यकर्मी परिचालन गरी गरिने छ।

(ख) कार्यक्रम सञ्चालनको अनुगमन गाउँपालिकाबाट गरिने छ।

(ग) कार्यक्रम सञ्चालनमा आवश्यक औषधी तथा सामाग्री स्थानीय स्वास्थ्य संस्थाबाट व्यवस्था गरिने छ भने अपुग औषधी तथा सामाग्री गाउँपालिकाबाट उपलब्ध गराइने छ।

(घ) स्थानीय स्वास्थ्यकर्मी कमी भएको अवस्थामा अन्य स्वास्थ्य संस्थाबाट समेत आवश्यक्तानुसार स्वास्थ्यकर्मी परिचालन गर्न सकिने छ।

**५. कार्यक्रम सञ्चालनको जिम्मेवारी :**

कार्यक्रम सञ्चालन गर्ने मुख्य जिम्मेवारी स्थानीय स्वास्थ्य संस्थाको हुने छ। कार्यक्रम सञ्चालनका लागि आवश्यक समन्वय गर्ने जिम्मेवारी छत्रदेव गाउँ कार्यपालिकाको कार्यालय, स्वास्थ्य शाखाको हुने छ।

**६. कार्यक्रममा संलग्न स्वास्थ्यकर्मीका लागि सुविधा सम्वन्धी व्यवस्था**

(क) कार्यक्रममा स्वास्थ्य परीक्षण गर्न खटिने स्वास्थ्यकर्मी तथा कार्यक्रमको अनुगमनका लागि खटिने जनप्रतिनिधि

र कर्मचारीलाई देहाय वमोजिम दैनिक भत्ता उपलव्ध गराइने छ,

- अधिकृत स्तरको कर्मचारीका लागि रु. १,६०० (एक हजार छ सय रुपैयाँ)
- सहायक स्तरको कर्मचारीका लागि रु. १,२०० (एक हजार दुई सय रुपैयाँ)

(ख) कार्यक्रममा एक वडाको स्वास्थ्य संस्थाबाटबाट अर्को वडाको विद्यालयमा संलग्न भएमा दैनिक भत्ता बाहेक नियमानुसार यातायात खर्च समेत उपलव्ध गराउन सकिने छ ।

(ग) कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने बजेट व्यवस्था गाउँपालिकाले गर्ने छ ।

## ७. <u>कार्यक्रम अनुगमन समितिः</u>

माध्यमिक विद्यालयका विद्यार्थीहरुको स्वास्थ्य परीक्षण कार्यक्रमको अनुगमन गर्न देहाय बमोजिमको एक अनुगमन समिति रहने छः-

- गाउँपालिका उपाध्यक्ष - संयोजक
- गा.का.पा. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- संयोजक, सामाजिक विकास समिति, छत्रदेव गाउँपालिका - सदस्य
- सम्वन्धित वार्डको वार्ड अध्यक्ष - सदस्य
- शिक्षा अधिकृत, छत्रदेव गाउँपालिका - सदस्य
- लेखा अधिकृत, छत्रदेव गाउँपालिका - सदस्य
- स्वास्थ्य शाखा प्रमुख, छत्रदेव गाउँपालिका - सदस्य सचिव

**८. वाधा अड्काउ फुकाउने सम्बन्धमा :**

यस कार्यविधिको कार्यन्वयनको सम्वन्धमा कुनै वाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले वाधा अड्काउ फुकाउन सक्ने छ र गाउँकार्यपालिकाको निर्णय अन्तिम निर्णय हुनेछ ।

**प्रमाणिकरण मितिः २०७६/०९/१०**

आज्ञाले
**खिमानन्द भुसाल**
प्रमुख प्रशासकीय अधिकृत
छत्रदेव गाउँपालिका, अर्घाखाँची